आज मिति २०८० साल भाद्र १६ गते शनिबारका दिन बेलुका ५:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो।

उपस्थितीः

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | संजिव ओली | अध्यक्ष | ९८५१००४२९५ | |
| २. | देविका थामी | उपाध्यक्ष | ९८४४३९५६५३ | |
| ३. | मेम बहादुर तमाङ | वडा अध्यक्ष-१ | ९८४४४६५१४९ | |
| ४. | दिपक ठकुरी | वडा अध्यक्ष-२ | ९८४४३०६५७२ | |
| ५. | ढाल बहादुर तमाङ | वडा अध्यक्ष-३ | ९८६४००४१४७ | |
| ६. | राम चन्द्र खड्का | वडा अध्यक्ष-४ | ९८६३६३७४९८ | |
| ७. | काले शेर्पा | वडा अध्यक्ष-५ | ९८४४२३८४३० | |
| ८. | टहल बहादुर थामी | वडा अध्यक्ष-६ | ९८५४०४५९४० | |
| ९. | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष-७ | ९८४९१७०३२१ | |
| १०. | हिरा थामी | वडा अध्यक्ष-८ | ९८६६४१९५१० | |
| ११. | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | |
| १२. | ज्योती माया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८०९ | |
| १३. | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | |
| १४. | टलमाइ तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | |
| १५. | मैया नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | |
| १६. | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| १७. | लक्ष्मी प्रसाद रिजाल | नि.प्रमुख प्रशासकीय अधिकृत | ९८४१५०४९६३ | |

मिति २०८० भाद्र १६ गते शनिबारको बिगु गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :

**प्रस्तावहरु :**

१) सिँगटी-लादुक सडक खण्डको पहिरो व्यवस्थापनका गराउने सम्बन्धमा,

२) वैकल्पिक बाटो सम्बन्धमा,

३) हिमालय मा.वि., खोपाचाँगु हाताको पानी उम्रने समस्या समाधान सम्बन्धमा,

४) मेसिनरी चीज तथा सामग्री व्यवस्थापन सम्बन्धमा,

५) बाढी पहिरोबाट भएको क्षतिको समाधान सम्बन्धमा,

६) पहिरो व्यवस्थापनका लागि सहयोग माग्ने सम्बन्धमा,

७) तत्काल खर्च व्यवस्थापन सम्बन्धमा ।

८) स्वच्छ ऊर्जा कार्यक्रममा साझेदारी गर्ने सम्बन्धमा ।

९) एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णयहरु :**

१) प्रस्ताव नं. १ उपर छलफल गर्दा बिगु गाउँपालिकाको प्रवेशद्वार सिँगटी (बिगु ४ लादुक, खोलिखिम) पुलमाथि झुण्डिएर रहेको ढुङ्गा तथा पहिरो व्यवस्थापनका लागि हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, माथिल्लो तामाकोशी जलविद्युत आयोजना तथा नेपाली सेनाका प्राविधिक टोलीद्वारा तयार पारिएको प्रतिवेदन अनुसार ढुङ्गा/पहिरो व्यवस्थापनका लागि आवश्यक खरिदका कार्यहरु विशेष परिस्थितीमा खरिद गर्नुपर्ने अवस्था आइपरेकोले सार्वजनिक खरिद ऐन, २०६४, दफा ४१, उपदफा १ (घ३) अनुसार खरिद प्रक्रिया अगाडि बढाउने र यस गाउँपालिकाबाट भुक्तानी प्रकृया शुरु भएपछि खरिद कार्यको भुक्तानी गर्ने भनी निर्णय गरियो ।

२) प्रस्ताव नं. २ उपर छलफल गर्दा सिँगटी (बिगु ४ लादुक, खोलिखिम) पुलमाथि झुण्डिएर रहेको ढुङ्गा तथा पहिरो व्यवस्थापनको कार्य सम्पन्न हुन्जेलसम्मका लागि लादुक-बुलुङ-ओराङ सडक खण्डको वैकल्पिक बाटोको रुपमा मसाने बुर्जिवा वा झोरुङ लिङ्वामध्ये कुनै एक वैकल्पिक बाटोको प्रयोग गर्ने भनी निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ उपर छलफल गर्दा बिगु गाउँपालिका वडा नं. ८ मा रहेको श्री हिमालय मा.वि., खोपाचाँगुको हाताभित्र पानी उम्रिएर कक्षाकोठाभित्रै पसिरहेको र विद्यालयको पठनपाठनमा समेत समस्या भइरहेकोले त्यस समस्याको नियन्त्रण तथा व्यवस्थापनका लागि तत्काल प्राविधिक अनुमान गरी आवश्यक कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ उपर छलफल छलफल गर्दा सिँगटी लादुक सडक खण्डको सिँगटी पुलमाथिको पहिरो व्यवस्थापनमा विभिन्न सरकारी निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,

नि.प्रमुख प्रशासकीय अधिकृत

माथिल्लो तामाकोशी जलविद्युत आयोजना, नेपाली सैना लगायतको प्राविधिक टोलीको प्रतिवेदन साथै विगु गाउँपालिकाको प्राविधिक प्रतिवेदन समेतलाई आधार मानी तत्काल भाडामा लिनुपर्ने इक्विपमेन्ट भाडामा लिने तथा मर्मत गर्नुपर्ने साधनहरु तत्काल मर्मत प्रकृया अगाडि बढाउने भनी निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ उपर छलफल गर्दा सम्वत् २०८० को वर्षयाममा परेको अविरल वर्षाका कारण पहिरो गइ यस गाउँपालिकाका विभिन्न वडामा क्षति पुगेका सडक तथा अन्य पूर्वाधारहरुको प्राविधिक अनुमान गरी तत्काल मर्मत सम्भारको कार्य अगाडि बढाउने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ उपर छलफल गर्दा सिँगटी पुलमाथिको जोखिमपूर्ण ढुङ्गा/पहिरो व्यवस्थापनका लागि प्राविधिक इस्टिमेट अनुसार ठूलो धनराशि खर्च हुने देखिएकोमा सो खर्च यस गाउपालिकाबाट मात्र व्यहोर्न नसकिने भएकोले आवश्यक खर्च सहयोग राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा माग गर्ने निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ उपर छलफल गर्दा हाल यस गाउँपालिकाले तत्काल खर्च गर्नुपर्ने तथा विभिन्न संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने रकम खर्च गर्न/भुक्तानी गर्नका लागि हाल चेकमा हस्ताक्षर गर्ने व्यक्ति/प्रमुख प्रशासकीय अधिकृत नभएकोले गाउँपालिकाकै कोही कर्मचारी वा गाउँपालिकामा आवद्ध व्यक्तिहरुबाट खर्च वा भुक्तानी गर्ने साथै प्रमुख प्रशासकीय अधिकृत आइसकेपछि सम्बन्धित शीर्षकबाट नियमानुसार आवश्यक प्रकृया पूरा गरी खर्च गरिएको/भुक्तानी गरिएको रकम बुझिलिन पाउने भनी निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ उपर छलफल गर्दा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम अन्तर्गत विगु गाउँपालिकामा विद्युतिय चुल्हो जडानका लागी आ.व. २०८०।०८१ मा रु. २०,००,०००।- (अक्षरेपी विस लाखमात्र) को साझेदारी गरी उक्त कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

९) प्रस्ताव नं. ८ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं. ५ स्थित चक्रेश्वरी सामुदायिक स्वास्थ्य केन्द्र, विगु ५ लोटिङ्ग, चिलंखामा एम्बुलेन्स अभावको कारण स्वास्थ्य सेवा प्रवाहमा असहज भएकोले स्वास्थ्य सेवा छिटो, छरितो र प्रभावकारी बनाउने प्रयोजनार्थ आवश्यक एम्बुलेन्स काठमाडौं महानगरपालिकामा माग गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत